# वेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विशालटार, धादिङ
## वागमति प्रदेश, नेपाल
## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७७/०६/०१)**

यस गाउपालिकाको लागि आवश्यक निम्न उल्लेखित सामग्रीहरु शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक फर्म वा कम्पनिहरुले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र तथा निवेदन सहित रितपूर्वक पेश गर्नुहुन यो १५ दिने शिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ ।

१. सूचना नं.: ०३/०७७/०७८

२. कामको विवरण : औषधि तथा औषधि जन्य सामग्री

३. यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका प्रतिलिपी नियमानुसारको तपसिलमा उल्लेख दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार सिलबन्दी दरभाउ पत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

४. सिलबन्दी गरिएको दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिनसम्म दिउँसो १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

६. तोकिएको समयभित्र पेश भएका दरभाउ पत्रहरू उपस्थित हुन चाहेका प्रस्तावकहरू वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिन दिनको २:०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

७. सिलबन्दी दरभाउ पत्र खोलिएको दिन देखि गणना हुने गरी ४५ दिनसम्मको लागि मान्य हुनेछ । सिलबन्दी दरभाउ पत्रको साथ जमानत वापतको धरौटी रकम प्रभु वैक, वेनीघाट स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर ०८३००९४६३६३०००५१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

८. सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

९. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ साथै दरभाउपत्रमा उल्लेखित परिणाममा थपघट गर्न सकिनेछ ।

१०.यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।.

११. यस सम्वन्धमा अन्य जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा जानकारी राख्न सकिनेछ ।

१२.शिलबन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं | कामको विवरण | ठेक्का रकम (मु.अ. कर वाहेक) | धरौटी रकम रू. | फारम दस्तुर(फिर्ता नहुने गरी) रू. |
|---|---|---|---|---|
| ०३/२०७७/०७८ | औषधि तथा औषधि जन्य सामग्री | ६६३९१७५ | १५०००।- | १,०००।- |

(प्रमुख प्रशासकिय अधिकृत)